# भलुनी भटुवा सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. १, बर्दिया

मितिः- २०८३/०३/०४

प.सं.: २०८२/०८३

च.नं.: ८९

**विषयः- सच्चाईएको सूचना वेभसाईटमा अपलोड गरी जानकारी पठाईदिने सम्बन्धमा।**

श्री डिभिजन वन कार्यालय,
गुलरिया, बर्दिया।

प्रस्तुत विषयमा यस समूहबाट मिति २०८३/०२/१९ गते **मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा** पहिलो पटक प्रकाशित काठको बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी विस्तृत सूचनामा लिलाम बिक्री हुने काठ/दाउराको संकलन खर्चको रकम फरक परेको हुँदा सच्चाईएको विस्तृत सूचना पाना थान २ यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। तहाँ कार्यालयको वेभसाईटमा अपलोड गरी सो को जानकारी यस समूहमा पठाईदिनुहुन अनुरोध छ। साथै वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), दाङ र वन निर्देशनालय, बुटवल, रुपन्देहीको वेभसाईटमा समेत अपलोड गर्नका लागि आवश्यक सहयोग गरिदिनुहुन सादर अनुरोध छ।

बिक्रम थारु
अध्यक्ष

डिभिजन वन कार्यालय, बर्दिया
दर्ता नं. :- ५२०३
मिति :- ३/४

# भलुनी भटुवा सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. १, छोटकीटडुवा , बर्दिया

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०२/१९ गते बुधबार

सच्चाईएको सूचना प्रकाशन मितिः २०८३/०३/०४ गते बिहिबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ४८९५ मिति २०८३/०२/०७ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **मध्यान्न राष्ट्रिय दैनिक** पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| KH/15/08-a01-01-2083/02/19-p | समूहको घाटगद्धीमा | १ देखि ८ सम्म | १ | अस्ना | ए | ४ | ६३.९० | ४०० | २५५६०.० | २८०३५७.० | |
| | | | २ | अस्ना | बि | १ | १६.६७ | ३०० | ५००१.० | | |
| | | | ३ | अस्ना | सि | ३ | १०.९४ | १०० | १०९४.० | | |
| | | | ४ | जामुन | सि | ७ | ११.५१ | १०० | ११५१.० | | |
| | | | ५ | शिरिष | बि | १६ | ३९.४७ | २०० | ७८९४.० | | |
| | | | ६ | खयर | N | ३१८ | ३८०.५१ | १००० | ३८०५१०.० | | |
| | | | ७ | बाँझी | N | ३ | ३३.३३ | १०० | ३३३३.० | | |
| | | | ८ | गुटेल | N | ४६ | ९७.८८ | १०० | ९७८८.०० | | |
| | | | ९ | सिमल | N | २७९ | १२१४.५८ | १५० | १८२१८७.० | | |
| | | | १० | अन्य | N | ५ | १२.३९ | १०० | १२३९.० | | |
| | | | ११ | कदम | N | ७१ | २९२.१५ | १०० | २९२१५.० | | |
| जम्मा | | | | | | ७५३ | २१७३.३१ | | ६४६९७२.० | २८०३५७.० | |
| KH/15/08-a01-02-2083/02/19-p | समूहको घाटगद्धीमा | अन्य जातको दाउरा (२०'x५'x५'को) २.५० चट्टा | | | | | | ४००० | १०००० | २३३७५.० | |
| जम्मा | | | | | | | | | ६५६९७२.० | ३०३७३२.० | |

**शर्त तथा नियमहरुः**

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/०८ गते सोमबार — ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/०९ गते मंगलबार — ख) समयः मध्यान्ह २:०० बजेसम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/११ बिहीबार — ख) समयः मध्यान्ह ३:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०२/१९ गते मंगलबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र खरिद गरी २२ औं दिनको अपरान्ह २:०० बजेसम्म यस

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको राष्ट्रिय वाणिज्य बैङ्क, गुलरिया, बर्दियामा रहेको खाता नं. ४१४०१००००३५३९००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

आज मिति २०८३ साल ३ को महिना ३ गतेका दिन यस सकुती महिला समाजसेवी सेवा को अध्यक्ष श्री विक्रम थापा ज्यूको अध्यक्षतामा बैठक बसी निम्न प्रस्तावहरू पास गरियो।

उपस्थिति

१. अध्यक्ष = विक्रम थापा — विक्रम
२. उपाध्यक्ष = राम कुमारी मल्ल
३ सचिव : सुधा चौधरी — सुधा
४ कोषाध्यक्ष = सुरेश नेपाल — सु.
५ सहसचिव = टिकाराम पोखरेल
६ सदस्य = रामकुमारी चौधरी — राम कुमारी
७ सदस्य = प्रकाश थापा — प्रकाश
८ सदस्य = लक्ष्मी थापा — लक्ष्मी
९ सदस्य = रिता थापा — रिता
१० सल्लाहकार/नियोजक भुजिराज शर्मा
११ सदस्य दिलबर थापा — दिल
१२ सदस्य पुन्टु थापा — पुन्टु

प्रस्तावहरू

१. सच्चाईको सूचना वेबसाइट थापा...

प्रस्ताव नं. १ मा छलफल गर्दा यस
मंजुली महुवा सामुदायिक वन उपभोक्ता
समितिले डिभिजन वन कार्यालय गुलरिया
बर्दियाको च.नं.-४८६२ मिति २०७३।२।६ गते
को लिलाम सहमति पत्र अनुसार
यस समूहबाट मिति २०७३।०४।१५ गते
मा मध्याह्न सौर्य दैनिक पत्रिकामा
पहिलो पटक रु.16/ 6132 को लिलाम
बिक्री सम्बन्धी विस्तृत सूचनामा
रु.16/ 6132को संकलन खर्चको
रकम फरक परेको हुँदा उक्त फरक
परेको विस्तृत सूचना सच्याई
वेबसाईटमा अपलोड गर्ने काम
डिभिजन वन कार्यालय बर्दियालाई
अनुरोध गर्ने सर्व निर्णय पारित
गरियो

विक्रम
प्रकाशक
रिता लक्ष्मी
शुभा रामकुमारी
पुन्दु